26rd July 2026

मुख्य समाचारहरुबाट

- करगिल विजय दिवसमा भारत वर्षद्वारा वीर सैनिकप्रति श्रद्धाञ्जली अपर्ण
- विकसित भाइब्रेन्ट भिलेज कार्यक्रमले राष्ट्रिय एकता सुदृढ बनाएको प्रधानमन्त्री मोदीको भनाइ
- केन्द्रीय शिक्षा मन्त्रीको रूपमा प्रल्हाद जोशीले गरे पदभार ग्रहण
- मन की बातमा कार्यक्रमा प्रधानमन्त्री मोदीले आत्मनिर्भर भारत, जल संरक्षण र युवाको उपलब्धिमा दिए जोड

समाचार विस्तारमा

करगिल विजय दिवसमा राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मद्वारा वीर सैनिकप्रति श्रद्धाञ्जली

करगिल विजय दिवसका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले मातृभूमिको रक्षाका लागि सर्वोच्च बलिदान दिने वीर सैनिकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत राष्ट्रपति मुर्मुले सैनिकहरूको अद्वितीय शौर्य, अटल संकल्प र देशभक्ति भारतीय सशस्त्र बलको उत्कृष्ट परम्पराको प्रतीक भएको उल्लेख गर्दै उनीहरूको वीरताले राष्ट्रसेवा र कर्तव्यनिष्ठाका लागि सधैं प्रेरणा दिइरहने बताउनुभयो।

उपराष्ट्रपति राधाकृष्णनले करगिल युद्धमा ऐतिहासिक विजय दिलाउने वीर सैनिकहरूको असाधारण साहस, अटल संकल्प र सर्वोच्च बलिदानप्रति राष्ट्रले सम्मान व्यक्त गरेको बताउनुभयो। उहाँले यो विजय भारतको सैन्य शक्ति, राष्ट्रिय एकता र मातृभूमि रक्षाको दृढ प्रतिबद्धताको प्रमाण भएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मोदीले कठिनतम परिस्थितिमा पनि भारतीय सैनिकहरूले प्रदर्शन गरेको शौर्य सधैं राष्ट्रिय गौरवको स्रोत रहने बताउँदै उनीहरूको देशभक्ति र कर्तव्यनिष्ठाले भावी पुस्तालाई निरन्तर प्रेरित गरिरहने विश्वास व्यक्त गर्नुभयो।

विकसित भाइब्रेन्ट भिलेज कार्यक्रमले राष्ट्रिय एकता सुदृढ बनाएको प्रधानमन्त्री मोदीको भनाइ

प्रधानमन्त्री नरेन्द्र मोदीले सामूहिक सहभागिता भारतको सांस्कृतिक परम्पराको प्रमुख शक्ति रहेको बताएका छन् । आज भिडियो कन्फरेन्समार्फत विकसित भाइब्रेन्ट भिलेज कार्यक्रम–2026 का सहभागीहरूसँग संवाद गर्दै उनले यस्तो धारणा व्यक्त गरेका छन् । कार्यक्रममा विभिन्न राज्य तथा केन्द्रशासित प्रदेशका 4 सयभन्दा बढी युवाले आफ्ना अनुभव साझा गरेका थिए।

श्री मोदीले धेरै युवा एक्लै यात्रामा सहभागी भए पनि माई भारत पहलमार्फत उनीहरू एउटै परिवारका सदस्यझैँ बनेर फर्किएको बताउँदै यसलाई कार्यक्रमको महत्वपूर्ण उपलब्धि बताए।

प्रधानमन्त्रीले स्वतन्त्र रूपमा कार्यक्रममा सहभागी भएका युवतीहरूको प्रशंसा गर्दै उनीहरूको सहभागिता भारतका स्त्रीहरूको आत्मविश्वास र साहसको प्रतीक भएको बताए। सरकारले विशेष गरी स्त्रीहरूलाई आत्मविश्वासका साथ अघि बढ्न प्रोत्साहन गरिरहेको उनले स्पष्ट पारे।

विकसित भाइब्रेन्ट भिलेज कार्यक्रममार्फत सहभागीहरूले सीमावर्ती गाउँहरूको सामाजिक–आर्थिक अवस्था, सांस्कृतिक सम्पदा र विकासका सम्भावनाबारे प्रत्यक्ष जानकारी प्राप्त गर्ने अवसर पाउने व्यवस्था गरिएको छ। कार्यक्रमले राष्ट्रिय एकता सुदृढ गर्नुका साथै सीमावर्ती गाउँहरूको रणनीतिक महत्वबारे जनचेतना बढाउने उद्देश्य राखेको छ।

केन्द्रीय शिक्षा मन्त्रीको रूपमा प्रल्हाद जोशीले पदभार ग्रहण

केन्द्रीय मन्त्री प्रल्हाद जोशीले आज सरकारका शिक्षा मन्त्रीको रूपमा पदभार ग्रहण गरेका छन्। धर्मेन्द्र प्रधानले राजीनामा दिएपछि हिजो मात्रै श्री जोशीलाई शिक्षा मन्त्रीमा नियुक्त गरिएको हो। उनले उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण र नवीन तथा नवीकरणीय ऊर्जा मन्त्रालयको जिम्मेवारी पनि यथावत् सम्हाल्नेछन्।

पदभार ग्रहण गरेलगत्तै मन्त्री जोशीले शिक्षा मन्त्रालयको समीक्षा बैठकको अध्यक्षता गर्दै विभिन्न योजना तथा प्रमुख कार्यक्रमहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरेका छन्। बैठकमा शिक्षा राज्यमन्त्री जयन्त चौधरी तथा मन्त्रालयका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

पछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री जोशीले आफूलाई यो महत्वपूर्ण जिम्मेवारी प्रदान गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रति आभार व्यक्त गरे। उनले मन्त्रालयको कार्यप्रणाली, नीति तथा सञ्चालनमा रहेका कार्यक्रमबारे विस्तृत जानकारी लिन समीक्षा बैठकहरू भइरहेको बताए।

उनले शिक्षा मन्त्रालय ठूलो र महत्वपूर्ण मन्त्रालय भएकाले यसको सम्पूर्ण कार्यलाई गहिरो रूपमा बुझ्दै कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउने तथा आवश्यक नयाँ पहलहरू कार्यान्वयन गर्ने आफ्नो प्राथमिकता रहने स्पष्ट पारे।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

मन की बातमा प्रधानमन्त्री मोदीले आत्मनिर्भर भारत, जल संरक्षण र युवाको उपलब्धिमा जोड

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत रक्षा उत्पादन, प्रविधि, अन्तरिक्ष, खेलकुद र नवप्रवर्तनका क्षेत्रमा निरन्तर नयाँ उचाइ हासिल गरिरहेको बताएका छन्। आज आकाशवाणीबाट प्रसारित मन की बात कार्यक्रममा करगिल विजय दिवसका वीर सैनिकलाई श्रद्धाञ्जली अर्पण गर्दै उहाँले सुरक्षित, सक्षम र आत्मनिर्भर भारत निर्माणका लागि सबै नागरिकलाई योगदान गर्न आह्वान गरेका छन्।

प्रधानमन्त्रीले स्वदेशमै निर्मित युद्धपोत महेन्द्रगिरि, पिनाका रकेटको सफल परीक्षणलाई आत्मनिर्भर भारतको उपलब्धि बताए। निजी क्षेत्रद्वारा विकसित विक्रम–1 रकेटको सफल प्रक्षेपणले भारतीय अन्तरिक्ष क्षेत्रको नयाँ सम्भावना उजागर गरेको उनको भनाइ थियो।

श्री मोदीले ‘क्याच द रेन’ अभियानमार्फत वर्षा जल संकलन, भू–जल पुनर्भरण तथा पुराना पोखरी र कुवाको पुनर्जीवनमा देशव्यापी सहभागिता बढेको उल्लेख गर्नुभयो। उहाँले प्रत्येक नागरिकलाई जलस्रोत संरक्षणमा सक्रिय हुन आग्रह गरे।

खेलकुदतर्फ राष्ट्रमण्डल खेलका सहभागी खेलाडीलाई शुभकामना दिँदै प्रधानमन्त्रीले पी.भी. सिन्धुको जापान ओपन उपाधि, भारतीय महिला क्रिकेट टोलीको ऐतिहासिक टेस्ट जित तथा अन्तर्राष्ट्रिय ओलम्पियाडमा भारतीय विद्यार्थीहरूको उत्कृष्ट प्रदर्शनको प्रशंसा गरे।

कार्यक्रममा कश्मीरको वागु चटाई, बिजनौरको स्व–सहायता समूहद्वारा उत्पादित हर्बल चिया, ‘एक पेड़ माँ के नाम’ अभियान, प्लास्टिक प्रदूषण नियन्त्रण, गणेश उत्सवमा माटोका मूर्ति प्रयोग, हथकरघा उद्योगको प्रवर्द्धन तथा त्रिपुराको परम्परागत ‘चोंगप्रेंग’ वाद्ययन्त्र संरक्षणजस्ता विषय पनि समेटिएका थिए।

प्रधानमन्त्रीले आगामी 7 अगस्टको राष्ट्रिय हथकरघा दिवसमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न, 27 जुलाईमा डा. ए.पी.जे. अब्दुल कलामलाई स्मरण गर्न तथा स्वतन्त्रता दिवसअघि 'हर घर तिरंगा' अभियानमा उत्साहपूर्वक सहभागी हुन देशवासीलाई आग्रह गरेका छन्।

अटल बिहारी वाजपेयी

प्रधानमन्त्री सङ्ग्रहालयमा आज पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) होलोबक्स को उद्घाटन गरिएको छ। यसले सङ्ग्रहालयमा आउने आगन्तुकलाई वाजपेयीको जीवन, नेतृत्व तथा योगदानलाई जीवन्त रूपमा अनुभूति गर्ने अवसर प्रदान गर्नेछ। उद्घाटन कार्यक्रममा पूर्वप्रधानमन्त्री वाजपेयीका परिवारका सदस्यहरू पनि उपस्थित थिए।
सन् 1999को कार्गिल युद्ध तत्कालीन प्रधानमन्त्री अटल बिहारी वाजपेयीको कार्यकालमा भएको थियो। त्यसैले कार्गिल विजय दिवसको अवसरमा प्रधानमन्त्री सङ्ग्रहालयले विशेष प्रदर्शनीको आयोजना गरेको छ। प्रदर्शनीमा माइक्रोफिल्म, अभिलेखीय भिडियो, तस्बिर तथा व्यक्तिगत पत्रहरू समावेश गरिएका छन्, जसले भारतीय सशस्त्र बलका वीर सैनिकहरूको शौर्य, साहस र बलिदानलाई उजागर गरेका छन्।

विश्व जुनियर स्क्वास च्याम्पियन बनेकी अनाहत सिंहलाई प्रधानमन्त्री मोदीको बधाई

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व जुनियर स्क्वास च्याम्पियनसिपमा स्वर्ण पदक जितेकी अनाहत सिंहलाई बधाई दिएका छन्। अनाहत विश्व जुनियर स्क्वास च्याम्पियनसिपको उपाधि जित्ने पहिलो भारतीय खेलाडी बनेकी छन्।
सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले यसलाई ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्दै अनाहतको सफलताले युवामाझ स्क्वास खेलको लोकप्रियता अझ बढ्ने विश्वास व्यक्त गरेको छ।

मुख्य समाचार फेरि एकपल्ट

- करगिल विजय दिवसमा भारत समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ वर्षद्वारा वीर सैनिकप्रति श्रद्धाञ्जली अपर्ण
- विकसित भाइब्रेन्ट भिलेज कार्यक्रमले राष्ट्रिय एकता सुदृढ बनाएको प्रधानमन्त्री मोदीको भनाइ
- केन्द्रीय शिक्षा मन्त्रीको रूपमा प्रल्हाद जोशीले गरे पदभार ग्रहण
- मन की बातमा कार्यक्रमा प्रधानमन्त्री मोदीले आत्मनिर्भर भारत, जल संरक्षण र युवाको उपलब्धिमा दिए जोड
- *आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो*